# अप्पर स्याँङ्गे हाईड्रोपावर लिमिटेड.

को

सातौं वार्षिक साधारण

सभाको

निर्णय विवरणहरु

(माईन्यूट)

२०८०।०९।१७

# अप्पर स्यांङ्गे हाईड्रोपावर लिमिटेड.

# को

# सातौं वार्षिक साधारण सभाको निर्णय विवरणहरु (माईन्यूट)

श्री अप्पर स्याङ्गे हाईड्रोपावर लिमिटेडको सातौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री विर बहादुर घलेज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

१. सभाको स्थान, मिति र समय

मिति : २०८० साल पुष महिना १७ गते मंगलबार (तद्नुसार ०२ जनवरी २०२४)

स्थान : कुण्डलिनी दरबार ब्याङ्क्वेट, चप्पल कारखाना चोक, काठमाडौं ।

समय : बिहान ११:०० बजे

२. सूचना प्रकाशन:

(क) यस कम्पनीको मिति २०८०।०८।२२ गतेका दिन बसेको संचालक समितिको बैठकको निर्णय गरे अनुसार यस कम्पनीको सातौं बार्षिक साधारण सभाको सूचना नयाँ पत्रिका राष्ट्रिय दैनिकमा मिति २०८०/०८/२३ र मिति २०८०/०८/२९ मा प्रकाशित गरिएको थियो ।

(ख) यस कम्पनीको सातौं बार्षिक साधारण सभामा उपस्थित हुन सम्वन्धित नियमनकारी निकायहरु कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्चेन्ज, सिडिएसि एण्ड क्लियरिङ्ग लिमिटेड, विद्युत नियमन आयोग, विद्युत विकास विभाग,लाई अनुरोध गरी पत्राचार गरिएको थियो ।

३. छलफलका लागि सभामा प्रस्ताव गरिएका विषयहरु :

क) साधारण प्रस्तावहरु:

(१) संचालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सम्बन्धी छलफल गरी स्वीकृत गर्ने ।

(३) लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व.२०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

Upper Syange Hydropower Ltd.

(४) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने दुई जना सञ्चालकको निर्वाचन गर्ने ।

ख) विशेष प्रस्तावहरुःह

(१) आ.व. २०७९/०८० मा विभिन्न संस्था तथा व्यक्तिहरुलाई दिइएको आर्थिक सहयोग रकम अनुमोदन गर्ने ।

(२) संचालकहरुको बैठक भत्ता स्वीकृत गर्ने ।

ग) विविध

४. सभामा उपस्थित (कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम):

(क) सञ्चालकहरुको उपस्थिति

| | | |
|---|---|---|
| १ | श्री विर बहादुर घले | अध्यक्ष |
| २ | श्री केसांग श्रेष्ठ | सञ्चालक |
| ३ | श्री सौरभ ढकाल | सञ्चालक |
| ४ | श्री सुरज राजवाहक | सञ्चालक |
| ५ | श्री दिपिका ज्ञवाली | सञ्चालक |
| ६ | श्री कर्मा डोल्मा लामा | शेयरधनी |
| ७ | श्री क्षोमा लामा | शेयरधनी |
| ८ | श्री विज घले | कम्पनी सचिव |

(ख) कम्पनीका पदाधिकारीहरुको उपस्थिति

१) रवि लामिछाने –प्रमुख कार्यकारी अधिकृत

२) रस बहादुर घले–मेकानिकल ईन्जिनियर

३) रोहित घले –सहायक प्रशासन

४) बसन्त गुरुङ्ग–सहायक इन्चार्ज

५. <u>सभाको गणपूरक संख्या:</u>

| | |
|---|---|
| बाँडफाँड तथा बिक्री भएको कुल शेयर संख्या | २२,००,००० |
| आवश्यक न्यूनत्तम गणपुरक शेयर संख्या | ११,२२,००० |
| स्वयं उपस्थित शेयर संख्या | १,०८,६१५ |
| प्रतिनिधि मार्फत उपस्थित शेयर संख्या | १२,२३,०२६ |
| जम्मा उपस्थित शेयर संख्या | १३,३१,६४१ |
| जम्मा उपस्थित शेयर प्रतिशत | ६०.५३ |

Upper Syange Hydropower Ltd.

| | |
|---|---|
| शेयरधनी स्वयम उपस्थिति | २३ |
| प्रतिनिधि मार्फत | ३ |
| जम्मा उपस्थित शेयरधनी संख्या | २६ |

सभामा उपस्थित भएका उपरोक्त शेयरधनीहरु कम्पनी ऐन, २०६३ को दफा ७१ बमोजिम सभामा भाग लिन तथा मतदान गर्न योग्य रहेका थिए ।

६. सभाको बैधानिकता:

सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५१ प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्धारा उपस्थित हुनुपर्ने प्रावधान अनुसार विहान ११:०० बजे सम्म कूल शेयर संख्या २२,००,००० कित्ताको ५१ प्रतिशत भन्दा बढी शेयर संख्याको स्वयं तथा प्रतिनिधि मार्फत तीन जना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कम्पनी सचिवले सभालाई अवगत गराउदै सभा संचालन गर्न प्रचलित ऐन, कानुन बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदा सम्मको हाजिरी अभिलेख अनुसार १३,३१,६४१ कित्ता संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

७. सभाको अध्यक्षता:

कम्पनी ऐन, २०६३ को दफा ७४ उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले संचालक समितिका अध्यक्ष श्री विर बहादुर घलेज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भए बमोजिम वहाँले अध्यक्षताको आशन ग्रहण गर्नुभयो । साथै, सञ्चालक समितिका अन्य सदस्यज्यूहरु, तथा आमन्त्रित कम्पनीका पदाधिकारीहरु एवं शेयरधनीहरु सबैलाई आ-आफ्नो स्थानमा आशन ग्रहण गरी दिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहाँहरुले समेत आशन ग्रहण गर्नुभयो ।

८. अध्यक्षज्यूको मन्तव्य:

सभामा स्वयं तथा प्रोक्सि मार्फत् उपस्थित शेयरधनीहरुलाई स्वागत गर्दै सभामा प्रस्तुत विषयसूचीहरु सँगै यस चालु आ.व. २०८०।८१ को प्रथम त्रैमास सम्मको उपलब्धि तथा भावी योजनाहरुको बारेमा संक्षिप्त रुपमा प्रतिवेदन प्रस्तुत गर्नुभयो । विस्तृत प्रतिवेदन शेयरधनीहरुलाई पहिले नै पठाईनुका साथै कम्पनीको वेवसाईटमा राखिएको थियो । कम्पनीलाई थप सफलता दिलाउने तर्फ कम्पनीको सञ्चालक समिति एवं कम्पनी व्यवस्थापन समेत कटिवद्ध रहेको व्योहोरा अनुरोध गर्दै यस सातौ बार्षिक साधारण सभामा प्रस्तुत गरिएका सम्पूर्ण प्रस्तावहरु छलफल गरी सर्वसम्मत पारित गरिदिन अनुरोध गर्नुभयो ।

९. छलफलका लागि आह्वान :

साधारण सभामा निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिबले बोल्न इच्छुक शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

Upper Syange Hydropower Ltd.

१०. छलफलमा सहभागी हुने शेयरधनीहरु र व्यक्त धारणा, तथा सुझाव:

छलफलमा सहभागी हुनुभएका शेयरधनीहरुबाट व्यक्त विचार, धारणा, जिज्ञासा तथा सुझावहरुलाई सारांशको रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ:-

१. श्री शत्रुधन श्रेष्ठ: सभालाई सम्बोधन गर्दै कम्पनीले छोटो समयमै प्रगति गर्न सफल भएकोमा कम्पनीलाई धन्यवाद एवम् बधाई दिँदै कम्पनीको विमा रकमको बारे जिज्ञासा राख्नुभयो ।

२. श्री डम्बर बल्लभ घिमिरे: सभालाई सम्बोधन गर्दै कम्पनीको संचालक समितिको विज्ञ संचालकहरुको पहलमा कम्पनीलाई भइरहेको घाटा घटाउने तथा कम्पनीको साधारण सभा दशैभन्दा अगाडि नै संचालन गर्नको लागि सुझाव दिदै कम्पनीको उत्तरोत्तर प्रगतिको लागि शुभकामना दिनुभयो ।

३. श्री उत्तम पाठक: सभालाई सम्बोधन गर्दै कम्पनी बारे धेरै जिज्ञासाहरु अध्यक्षज्यूको मन्तव्यबाट जानकार भएको र आगामी आर्थिक वर्षमा हकप्रद शेयर निष्कासनको लागि सुझाव दिदै कम्पनीको उत्तरोत्तर प्रगतिको लागि शुभकामना दिनुभयो ।

४. श्री निरुपमा गुप्ता: सभालाई सम्बोधन गर्दै कम्पनीको शेयरको मूल्य घट्दै गइरहेकोमा ध्यानाकर्षण गराउँदै आगामी आर्थिक वर्षमा शेयरधनीहरुलाई पनि केही लाभांश वितरण होस् भन्ने अपेक्षा राख्दै कम्पनीको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्नुभयो ।

११. सभामा व्यक्त भएका धारणा, सुझाव तथा सवाल जवाफको प्रस्तुतिकरण:

छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य, जिज्ञासा, सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई अध्यक्षज्यूले देहाय बमोजिम जिज्ञासाहरुलाई स्पष्ट गर्नु भयो र सल्लाह सुझावलाई मनन गरी आगामी कार्य योजना बनाउने कुरा प्रस्तुत गर्नुभयो ।

अध्यक्षज्यूको जवाफ:

शेयरधनी महानुभावहरुबाट व्यक्त मन्तव्य, जिज्ञासा, सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई सकारात्मक रुपमा ग्रहण गर्ने र सम्भव भएसम्मका सल्लाह तथा सुझावहरुलाई लागू गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दै शेयरधनीहरुको सुझाव बमोजिम नै कम्पनीको उत्तरोत्तर प्रगतिको लागि कम्पनीले आफ्नो रणनीति बमोजिम कार्य गरिरहेको विश्वास दिलाउनु भयो ।

१२. सभाको प्रस्ताव तथा पारित निर्णयहरु:

(क) साधारण प्रस्ताव तर्फ :

(१) संचालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

यस कम्पनीको अध्यक्षज्यूले संचालक समितिको तर्फबाट आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन यस सभामा पेश गर्नुभयो र उक्त प्रतिवेदनमा छलफल भई अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको संचालक समितिको प्रतिवेदन पारित गरियोस् भनी प्रस्ताव निर्णयार्थ सभामा पेश भएकोमा उक्त प्रस्ताव सभाको सर्वसम्मतिले पारित गरियो ।

Upper Syange Hydropower Ltd.

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सम्बन्धी छलफल गरि स्वीकृत गर्ने ।

यस कम्पनीको आ.व.२०७९/०८० को लेखा परीक्षण प्रतिवेदन बमोजिम कम्पनीको आय व्यय विवरण तथा कम्पनीको नाफा नोक्सान स्पष्ट देखाएको ठहर गरी सो प्रतिवेदनलाई अनुमोदन गर्ने प्रस्ताव निर्णयार्थ सभामा पेश भएकोमा उक्त प्रस्ताव सभाको सर्वसम्मतिले पारित गरियो ।

(३) लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व.२०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको परिश्रमिक निर्धारण गर्ने ।

लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व.२०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको परिश्रमिक निर्धारण गर्ने प्रस्ताव सभामा प्रस्तुत भएपछि श्री आर. सापकोटा एण्ड एसोसियट्सलाई लेखापरिक्षकमा नियुक्त गर्ने र निजलाई मूल्य अभिवृद्धि कर बाहेक रु १,२०,०००।- (अक्षेरुपी एक लाख बीस हजार रुपैयाँ) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव निर्णयार्थ सभामा पेश भएकोमा उक्त प्रस्ताव सभाको सर्वसम्मतिले पारित गरियो ।

(४) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने दुई जना संचालकको निर्वाचन गर्ने ।

यस कम्पनीको सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्न दुई जना संचालकको निर्वाचन गरियो । सो निर्वाचनमा ३ (तीन) जना शेयरधनीहरुले उम्मेदवारले मनोनयन पत्र दाखिला गरेकोमा १ (एक) जना उम्मेदवारले मनोनयनपत्र दर्खास्त फिर्ता पाउँ भनी दर्खास्त दिएकाले निम्न बमोजिमको उम्मेदवारहरु संचालक पदमा निर्विरोध निर्वाचित भएको भनी निर्वाचन अधिकृत अजय श्रेष्ठले घोषणा गर्नुभयो ।

| क्र.सं. | नाम थर | पिताको नाम | ठेगाना |
|---|---|---|---|
| १ | श्री संझना त्रिपाठी | डिल्ली प्रसाद त्रिपाठी | काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३४ |
| २ | श्री मणि थापा | फत्ते बहादुर थापा | काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३५ |

(ख) <u>विशेष प्रस्ताव तर्फ :</u>

(१) आ.व. २०७९/०८० मा विभिन्न संस्था तथा व्यक्तिहरुलाई दिइएको आर्थिक सहयोग रकम अनुमोदन गर्ने ।

यस कम्पनीले आ.व. २०७९/०८० मा विभिन्न संस्था तथा व्यक्तिहरुलाई रु. ८,९५,०००/- आर्थिक सहयोग गरेको कम्पनी सचिवले यस सभामा प्रस्तुत गर्नुभयो र सोही आर्थिक सहयोग रकमलाई अनुमोदन गर्ने निर्णयार्थ पेश भएकोमा यस सभाको सर्वसम्मतिले अनुमोदन गरियो ।

(२) संचालकहरुको बैठक भत्ता स्वीकृत गर्ने ।

Upper Syange Hydropower Ltd.

यस कम्पनीको संचालक समितिको संचालकहरुको बैठक भत्ता प्रत्येक भत्ताको रु. ३,०००/- ( अक्षेरुपी तीन हजार रुपैयाँ) राख्ने प्रस्ताव निर्णयार्थ पेश भएकोमा यस सभाको सर्वसम्मतिले पारित गरियो ।

(ग) विविध

प्रस्ताव खण्डको (ग) को विविध शीर्षक अन्तर्गत केही नभएको ।

१३. धन्यवाद ज्ञापन

छलफलको लागि निर्धारित प्रस्तावहरु उपर सभाले निर्णय गर्ने कार्य सकिएको हुनाले अध्यक्षज्यूले सातौ वार्षिक साधारण सभामा सहभागी शेयरधनी महानुभावज्यूहरु, संचालकज्यूहरु, पर्यवेक्षक प्रतिनिधि, शुभेच्छुक तथा कम्पनीको बार्षिक साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग गर्नु हुने नियमनकारी निकायहरु, व्यवस्थापन समूह, लगायत सकारात्मक मन्तब्य तथा सुझावहरु प्रस्तुत गरेकोमा शेयरधनी महानुभावज्युहरुलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

१४. सभा विसर्जन:

अन्त्यमा, सभाका अध्यक्षज्यूले छलफल गर्नुपर्ने कुनै विषय बाँकी नभएकोले कम्पनीको सातौ वार्षिक साधारण सभा दिनको १२:१५ बजे विसर्जन भएको घोषण गर्नुभयो ।

Upper Syange Hydropower Ltd.

..................

विज घले

कम्पनी सचिव

..................

विर बहादुर घले

अध्यक्ष